प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश

(योजना अनुगमन तथा नतिजा व्यवस्थापन शाखा)

हेटौंडा, नेपाल

प.सं. ०७७/०७८

च.नं. शा.सु.स.म./४/३/१६८३

मितिः २०७८/०१/१६

श्री स्थानीय तह (११९ वटै),

बिषयः स्थानीय तह समन्वय इकाई तोकिएको सम्बन्धमा ।

प्रस्तुत बिषयमा प्रदेश योजना अनुगमन तथा मुल्यांकन दिग्दर्शन २०७६ को बुँदा २.४ अनुसार मा. मुख्यमन्त्री डोरमणि पौडेलज्यूको अध्यक्षतामा मिति २०७७ चैत्र २७ गते शुक्रवार बसेको प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा भएको *"प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थानीय तह समन्वय इकाई तोक्ने"* निर्णय अनुरुप मिति २०७८/०१/१३ को प्रमूख सचिवस्तरको निर्णयानुसार यस कार्यलयको शासकीय सुधार तथा संचार शाखालाई तपसिलका कार्यदिश (TOR) सहित उक्त इकाईको समेत कार्यजिम्मेवारी तोकिएको व्यहोरा आवश्यक कार्यार्थ आदेशानुसार अनुरोध छ ।

तपसिलः

१. प्रचलित कानून तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाँउपालिका तथा नगरपालिकाहरुको काम, कर्तव्य र अधिकार बमोजिम तोकेका कार्यहरु बिषेशतः न्याय सम्पादन, प्रशासकीय प्रबन्ध र वित्तीय तथा कर सम्बन्धी कार्यहरु सम्पादन गर्दा आइपर्ने समस्याहरुको सहजीकरण गर्ने ।

२. गाँउपालिका तथा नगरपालिकाहरुले बिषय बिज्ञता आवश्यक पर्ने मनासिव कारण देखाई यस कार्यालयमा माग गरेको खण्डमा सम्बन्धित बिषयको बिज्ञ सेवा उपलब्ध गराउने कार्यमा सहजीकरण गर्ने ।

३. प्रदेश र स्थानीय तहको समन्वय तथा दोहोरो अधिकार क्षेत्र भित्रका बिषयमा सहजीकरण गर्ने ।

४. स्थानीय तहले सम्पादन गरेका कार्यहरुको विवरण प्राप्त गर्ने र राम्रा तथा नमूनायोग्य कार्यक्रमहरु सरोकारवालाहरुको जानकारीको लागि प्रकाशन गर्ने ।

५. स्थानीय तहबाट प्राप्त भएका सुझावहरु, उजुरीहरु तथा समस्याहरुको प्राथमिकीकरण तथा छनौट गरी यस सम्बन्धमा भएका निर्णय बमोजिम गर्ने ।

६. स्थानीय तह संग भएका भौतिक सम्पत्तिहरु (घर, जग्गा र सवारी साधन) को एकिकृत अभिलेख सहितको लगत तयार गरी अद्यावधिक गर्ने ।

७. अन्य समन्वयमा गर्नुपर्ने भनी तोकेको कार्यहरु गर्ने ।

२०७८/०१/१६

सुबोधकुमार साह कर्मयोगी
अधिकृत आठौं

**बोधार्थः**

श्री मा. मुख्यमन्त्रीज्यूको सचिवालय,

श्री सुचना तथा संचार समन्वय शाखाः पत्र Upload गरिदिनुहुन तथा पत्राचार गरिदिनुहुन ।

फोन नं.:०५७५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स नं.: ५२७५०७ वेबसाइटः www.ocmcm.bagamati.gov.np ईमेलः governance.ocmcm@bagamati.gov.np